आज मिति २०७५ आश्विन २ गते मंगलबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ५६ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका निमित्त वडा अध्यक्ष श्री मनोज बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| ~~२०.~~ | ~~कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल)~~ | - | ~~सदस्य सचिव~~ | |

| आमन्त्रित :- | | | |
|---|---|---|---|
| २१. | श्री ललित कुमार थापा | - | शाखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री भद्र वहादुर बस्नेत | - | ना.सु. |
| २४. | श्री विकास गुरुङ्ग | - | स.क.अ. |

**प्रस्तावहरु-**

१. बल्खु दक्षिणकाली सडकको निर्माणको लागि निर्माण सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।

२. मिति २०७५/५/२५ गते नगर प्रमुख ज्यूको संयोजकत्वमा बसेको नगरपालिका क्षेत्र भित्रको मुल सडक र सहायक सडक मर्मत सम्भार सम्बन्ध ।

३. खानी नविकरण सम्बन्धमा ।

४. संविधान दिवस मनाउने सम्बन्धमा ।

**निर्णयहरु -**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा भक्तपुर-नगरकोट-सिपाघाट: बल्खु दक्षिणकाली सडक योजनाको च.नं. १९ मिति २०७५/५/१८ को सिफारिस सम्बन्धमा पत्र र आउदै गरेको हरिशंकर जात्रा, वडा दशै र दक्षिणकाली मन्दिर आउने भक्तजनहरुको यात्रा सहजताको विषयमा छलफल हुँदा बल्खु दक्षिणकाली सडक निर्माण कार्य गर्दा आवश्यक पर्ने निर्माण सामाग्री नगरपालिकाको नियम अनुसार राजश्व लिई उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त राजश्व संकलन गर्नको लागि नगरपालिकाले ३ जना कर्मचारीहरु खटाउने र खटिएका कर्मचारीहरुलाई अतिरिक्त समयमा कार्य गरेबापत नियमानुसार अतिरिक्त भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०७५/५/२५ गते नगर प्रमुख ज्यूको संयोजकत्वमा बसेको बैठकले गरेका तपसिलका निर्णयहरु यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

क) झम्केश्वरी रोडा ढुङ्गा उद्योग तथा चाँदनी बालुवा उद्योगले दक्षिणकाली गेट देखि खानी क्षेत्र सम्मको बाटो मर्मत संभार एवं ड्रेन निर्माण कार्य गर्न चाहिने ज्याला, सामाग्री (ह्युम पाईप) उपलब्ध गराउने ।

अ) सोही कार्य गर्नको लागि चाहिने सिमेन्ट नगरपालिका र वडाले व्यवस्था गर्ने । सोको लागि ल.ई. अनिवार्य रुपमा गर्नु पर्ने ।

ख) रत्नसोपान गेटदेखि शेषानारायण पिपल बोट सम्म ग्रेडिङ तथा रोलिङ गर्न सम्बन्धित बाटोको निर्माण व्यवसायी गौरी पार्वतीलाई अनुरोध गर्ने ।

ग) स्थानीय ट्रिपर व्यवसायीहरुबाट रत्नसोपान गेटदेखि शेषानारायण पिपल बोट सम्म बेस तथा ग्रावेल प्रति ट्रिपर ४ ट्रिपरका दरले निशुल्क ढुवानीको लागि अनुरोध गर्ने ।

घ) दक्षिणकाली नगरपालिका भित्र रहेका सम्पूर्ण खानीहरुले रत्नसोपान गेटदेखि शेषानारायण पिपल बोट सम्म चाहिने आवश्यक निर्माण सामाग्री अन्दाजी १०० ट्रिप निशुल्क उपलब्ध गराउनको लागि अनुरोध गर्ने ।

ङ) काठमाडौं निजगढ द्रुत मार्ग अन्तर्गत रहेको मखुबेसी बेसक्याम्प र दक्षिणकाली नगरपालिकाले उक्त सडक खण्ड मर्मत गर्दा आवश्यक पर्ने मेशिन औजारलाई ईन्धन र भत्ता उपलब्ध गराउने ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका खानीहरु नविकरणको लागि निवेदन प्राप्त भएमा सम्पूर्ण प्रक्रिया पुरा गरेको पाईएमा नियमानुसार नविकरण गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा संविधान दिवस कार्यक्रम भव्यताका साथ मनाउन नगरपालिका कार्यालय र सम्पूर्ण वडा कार्यालयहरुमा दिप प्रज्वलन गरि सफलताका साथ मनाउने निर्णय गरियो ।